# ताप्ली गाउँपालिका
## जिल्ला,उदयपुर,कोशी प्रदेश,नेपाल
# स्थानीय राजपत्र
ताप्ली गाउँपालिकाद्वारा प्रकाशित्

वर्ष १ रुपाटार, श्रावण ११, २०७९ साल


## भाग १

नेपालको संविधान २०७२ को दफा २२६ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम ताप्ली गाउँपालिकाको गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि, गाउँपालिकाको स्थानीय राजपत्र सम्बन्धी कार्यविधि २०७४ अनुसार सर्वसाधारणको जानकारीको लागि देहायबमोजिम प्रकाशन गरिएको छ ।

## ताप्ली गााउँपालिकाको युवा तथा खेलकुद विकास समिति गठन तथा परिचालन कार्यविधि, २०७९

प्रस्तावना

गाउँपालिका क्षेत्रभित्रका वडास्तर देखी नै जनप्रतिनिधी युवा नेतृत्वमा सरोकारवाला युवाहरुले प्रतिनिधित्व युवा तथा खेलकुद विकास समिति मार्फत सुनिश्चित गर्दै गाउँपालिकाको युवा तथा खेलकुद सम्बन्धी गाउँपालिका स्तरीय नीति निर्माण देखी कार्यान्वयन तहसम्म आवश्यकता अुनसार उनीहरुलाई संलग्न गराई समग्र ताप्ली गाउँपालिकाको सर्वाङ्गीण विकासको मुलप्रवाहमा युवालाई समावेश गर्ने सम्बन्धमा आवश्यक ब्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४, ले दिएको

अधिकार प्रयोग गरी ताप्ली गाउँपालिकाले यो कार्यविधि तर्जूमा गरी लागु गरेको छ ।

## परिच्छेद-१

प्रारम्भिक-१

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "ताप्ली गाउँपालिका स्तरीय युवा तथा खेलकुद विकास समिति गठन तथा परिचालन कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि ताप्ली गाउँपालिकाको राजपत्रमा प्रकाशन भएपछि गाउँपालिका क्षेत्रभर लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,

क) "अध्यक्ष" भन्नाले ताप्ली गाँउपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

ख) "उपाध्यक्ष" भन्नाले ताप्ली गाँउपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ ।

ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले ताप्ली गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

ग) "कार्यपालिका" भन्नाले ताप्ली गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

घ) "कार्यालय" भन्नाले ताप्ली गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

ङ) "कार्यविधि" भन्नाले "ताप्ली गाउँपालिका स्तरीय युवा तथा खेलकुद विकास समिति गठन तथा परिचालन कार्यविधि, २०७९" लाई सम्झनुपर्छ ।

च) "गाउँपालिका" भन्नाले ताप्ली गाँउपालिकालाई सम्झनुपर्छ ।

छ) "वडा अध्यक्ष" भन्नाले ताप्ली गाउँपालिका मातहतको वडाको वडाअध्यक्षलाई सम्झनुपर्छ ।

ज) "समिति" भन्नाले यस कार्यविधिको नियम ३ बमोजिम गठन हुने युवा तथा खेलकुद विकास समितिलाई सम्झनुपर्छ ।

झ) "सदस्य" भन्नाले यस कार्यविधि बमोजिम गठन हुने समितिका सदस्यलाई सम्झनुपर्छ ।

ञ) “संयोजक” भन्नाले यस कार्यविधिको नियम ३ बमोजिम गठन हुने ताप्ली गाउँपालिका स्तरीय युवा तथा खेलकुद विकास समितिका संयोजकलाई सम्झनुपर्छ ।

ट) “युवा” भन्नाले सोह्र वर्षदेखी चालीस वर्षसम्मको उमेर भएको ब्यक्तिहरुलाई सम्झनुपर्छ ।

परिच्छेद-२

३. समितिको गठन : (१) गाउँपालिमा युवा तथा खेलकुद सम्बन्धी योजना तथा कार्यक्रम सञ्चालन गर्ने काम समेतको लागी एक युवा तथा खेलकुद विकास समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :

क) युवा तथा खेलकुद समबन्धी विशेष ज्ञान भएका ब्यक्तिहरु मध्येबाट गाउँपालिकाले तोकेको एक जना, - संयोजक

ख) खेलकुदको विभिन्न विधामा स्थापीत संघ संस्था तथा ब्यक्तित्वहरु मध्येबाट २ जना महिला सहित गाउँपालिकाले तोकेको पाँचजना - सदस्य

ग) युवाको हक, हितको संरक्षण र सम्वर्द्धन गर्न गाउँपालिका अध्यक्षले तोकेको १ जना महिला सहित तीन जना, - सदस्य

(३) उपनियम (२) को खण्ड (ख) र (ग) बमोजिमका सदस्यहरुको मनोनयन समावेशी सिद्धान्तको आधारमा गरिनेछ ।

(४) मनोनीत सदस्यहरुले आफुहरुमध्येबाट एकजना उपाध्यक्ष, एक जना सचिव एक जना सहसचिव एक जना कोषध्यक्ष र बाकी सदस्य रहेको समिति गठन गर्न सक्नेछ ।

(५) मनोनित सदस्यहरुको पदावधी दुई वर्षको हुनेछ ।

(६) उपनियम (४) जनुसुकै कुरा लेखिएको भएता पनि कुनै मनोनित सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको वा जिम्मेवारी पुरा नगरेको भनी समितिको बहुमत सदस्यले ठहर गरेमा त्यस्तो सदस्यलाई जुनसुकै समयमा पदबाट हटाउन सक्नेछ । तर, पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छेन ।

**४. समितको वैठक र निर्णय :** (१) समितिको वैठक कम्तीमा दुई महिनामा एक पटक गाउँपालिकामा  बस्नेछ ।

(२) संयोजकले तोकेको मिति र समयमा समितिको वैठक बस्नेछ ।

(३) समितिको वैठक हुनभन्दा कम्तीमा एक दिन अगावै वैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना समितिको सचिवले सवै सदस्यहरुलाई दिनेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरुको उपस्थिति भएमा समितिको वैठकको लागी गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको वैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा वैठकको अध्यक्षता गर्ने ब्यक्तिले निर्णयक मत दिनेछ ।

(६) समितिको वैठकको निर्णय वैठकको अध्यक्षता गर्ने ब्यक्तिले प्रमाणित गरी राख्नेछ ।

(७) समतिको वैठकमा संरक्षकलाई अनिवार्य रुपमा आमन्त्रण गर्नु पर्नेछ र आवश्यकता अनुसार अन्य विज्ञहरुलाई पनि आमन्त्रण गर्न सकिनेछ ।

**५. समितिको काम, कर्तब्य र अधिकार** : यस कार्यविधिको अन्यत्र नियममा उल्लिखित काम, कर्तब्य र अधिकारको अतिक्ति समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) युवा तथा खेलकुद लक्षित गाउँपालिका स्तरीय कार्यक्रमहरु गाउँपालिकासँग समन्वय गरि कार्यान्वयन गर्ने ।

ख) गाउँपालिकामा क्रियाशिल युवा तथा खेलकुदसँग सम्बन्धित संघ संस्थाहरुवीच आवश्यक समन्वय एवम् सहजीकरण गर्दै त्यस्ता संघसंस्थाहरुको कामकारवाहीमा रेखदेख तथा नियमन समेत गर्ने ।

ग) खेलकुदका विभिन्न विधामा गाउँपालिकास्तरीय टिमको छनौट गर्ने ।

घ) गाउँपालिका भित्रका युवाहरुलाई उद्यमशिल बनाउनको लागी आवश्यक क्षेत्र महिचान गरी गाउँपालिकामा सिफारिस गर्ने ।

ङ) युवालाई विकासको मुल प्रवाहमा परिचालन गर्न अभियानमुलक कार्य सञ्चालन गर्ने, गराउने ।

च) युवालाई विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा स्वयंसेवकको रुपमा परिचालन गर्ने, गराउने ।
छ) युवा सम्बन्धि संघ संस्थाको क्षमता अभिवृद्धि गराउने ।

## परिच्छेद-३
## संरक्षक र सल्लाहकार समिति सम्बन्धि व्यवस्था

६. गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष यस समितिको संरक्षक रहनुहुनेछ ।
७. गाँउपालिकाको सबै वडा अध्यक्षहरु यस समितिको सल्लाहकार रहनुहुनेछ ।

## परिच्छेद-४
## विविध :-

८. उपसमिति वा कार्यदल गठन गर्न सक्नेः समितिले यस कार्यविधि बमोजिम आफुले गर्नु पर्ने कुनै कार्य सम्पादन गर्नको निमित्त आवश्यकता अनुसार बढीमा पाँच सदस्यीय उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।
९. पारिक्षमिक, सुविधा तथा वैठक भत्ता : (१) समितिका पदाधीकारी तथा सदस्यले कार्यपालिकाले तोके बमोजिमको दरमा वैठक भत्ता पाउनेछन्।
१०. वार्षिक प्रतिवेदन : (१) समितिले आफुले वर्षभरीमा सम्पादन गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र सम्बन्धित गाउँपालिका अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ ।
११. सहयोग गर्नु पर्ने : यस कार्यविधि बमोजिम गठित समितिको काम कारवाहीको सम्बन्धमा आवश्यक सहयोग गर्नु सम्बन्धित सवैको कर्तब्य हुनेछ ।
१२. यस कार्यविधिमा उल्लेखित उद्देश्य बमोजिम काम गर्न नसक्ने समितिलाई कार्यपालिकाले विघटन गर्न सक्नेछ ।
१३. कार्यपालिकासंग सम्पर्क : समितिले कार्यपालिकासंग सम्पर्क राख्नु पर्दा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत मार्फत राख्नु पर्नेछ ।
१४. मापदण्ड बनाउने अधिकार : यस कार्यविधिको कार्यन्वयन गर्नको लागी कार्यपालिकाले आवश्यक मापदण्ड/निर्देशिकाको तर्जुमा गर्न सक्नेछ ।

१५. बाधा अड्काउ फुकाउने : यस कार्यविधिमा उल्लेखित प्रावधान कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ आईपरेमा कार्यपालिकाले निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

कार्यपालिकाबाट पास भएको मितिः २०७९/११/१४

आज्ञाले

भक्त बहादुर राई

(प्रमूख प्रशासकीय अधिकृत)

प्रकाशित मितिः २०७९/११/१४